# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्या: ११/ ०८१/ ०८२ मिति: २०८१/ १२/ १७

अध्यक्षता: कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थिति**

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख/ उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| आमन्त्रित,का.वा.वडाअध्यक्ष, वडा नं ११ | श्री पूर्णबहादुर राई | उपस्थित |

## १. समिक्षा सम्बन्धमा ।

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

## २. स्थानीय पाठ्यपुस्तक सम्बन्धमा ।

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको मिति २०८१/०५/१४ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम स्थानीय पाठ्यक्रम विकास समितिलाई कक्षा ६, कक्षा ७ र कक्षा ८ को स्थानीय पाठ्यपुस्तक लेखनका लागि जिम्मेवारी तोकिएकोमा उक्त समितिबाट समितिले छनौट गरेका सम्बन्धित विषयविज्ञहरुबाट कक्षा ६, कक्षा ७ र कक्षा ८ को स्थानीय पाठ्यपुस्तकको **Printing Ready Copy** तयार गरी निम्न वमोजिमका विषयहरुमा छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको।

१. कक्षा ६, कक्षा ७ र कक्षा ८ को स्थानीय पाठ्यपुस्तक स्वीकृत हुन ।

२. स्थानीय पाठ्यक्रम विकास समितिका पदाधिकारी तथा आमन्त्रित सदस्य, पाठ्यपुस्तक लेखनमा सहभागी विज्ञहरुको पारिश्रमिक लगायत देहाय बमोजिमको भत्ता तथा पारिश्रमिक स्वीकृत हुन।

| सि.नं. | विवरण | एकाई | रकम (रु) |
|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम विकास समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरुको बैठक भत्ता | प्रति बैठक | १००० |
| २ | भाषा सम्पादन | प्रति पाठ | ६५० |
| ३ | प्रुफ रिडिङ | प्रति पाठ | ६५० |
| ४ | कम्प्युटर सेटिङ | प्रति पाठ | २०० |
| ५ | पाठ्यपुस्तक लेखन | प्रति पाठ | ४५०० |

३. कक्षा १ देखि कक्षा ५ सम्मको स्थानीय पाठ्यपुस्तक लेखनका लागि समेत उक्त समितिलाई नै जिम्मेवारी दिन।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा माथि छलफल गरी यस अर्जुनधारा नगरपालिकाको स्थानीय पाठ्यक्रम अनुसार कक्षा ६, कक्षा ७ र कक्षा ८ को स्थानीय पाठ्यपुस्तक लेखनमा सक्रियतापूर्वक खटिनु भएकाले सबै पदाधिकारीहरु धन्यवाद दिँदै पेश भएका प्रस्ताव बमोजिम हुन सर्वसम्मत रुपमा निर्णय गरियो ।साथै, प्रस्तावको बुँदा नं ३ बमोजिम कक्षा १ देखि कक्षा ५ को स्थानीय पाठ्यक्रम लेखनका लागि उक्त समितिमा रहनु भएका सदस्य सचिव श्री चुडामणी निरौलालाई सदस्य र शिक्षा अधिकृत श्री हरिबहादुर कवरलाई सदस्य सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ३ जग्गा विवाद समाधानका लागि सिफारिस सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं १ को नेपाली सेनाको फायरिङ अभ्यास स्थल आसपासका वासिन्दाहरु र नेपाली सेना बिच विगत लामो समयदेखि रहेको जग्गाको भोगाधिकार सम्बन्धि विवाद समाधानका लागि विवाद समाधान समिति, जनप्रतिनिधि र स्थानीय सरोकारवालाहरु बिच पटक पटकको छलफलबाट करिब ३ विगाहा जग्गा नेपाली सेनालाई उपलब्ध गराउँदा उक्त क्षेत्रमा रहेका अन्य जग्गाहरु नेपाली सेनाले आफ्नो भोगबाट छोड्ने साथै नेपाली सेनाले दाबी गरेको हचुमासा सामुदायिक वन उपभोक्ता समितिको वन क्षेत्र नेपाली सेनालाई प्रयोग मात्र गर्न दिने र त्यस वन क्षेत्र भित्रका वन पैदावार हचुमासा सामुदायिक वन उपभोक्ता समितिको विधान तथा कार्ययोजना अनुसार सामुदायिक वनले नै उपभोग गर्ने भनी मिति २०८१/१२/१६ गतेको दिन सहमति भएको र उक्त सहमति अनुरुप जग्गा व्यवस्थापन गर्ने विषयमा आवश्यक प्रक्रिया अघि बढाउन छलफल तथा निर्णयका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी प्रस्तावमा उल्लेखित सहमति अनुसार उक्त जग्गा विवाद समाधान गर्नका लागि आवश्यक सहजिकरण तथा समन्वय गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ४ योजना स्थल संशोधन सम्बन्धि सिफारिस सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका ४ नं वडा कार्यालयको च.नं. २१२१ मिति २०८१/१२/१४ गतेको पत्रबाट श्री संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर कार्यालयको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको सिंहवाहिनी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लागि रु १० लाख बजेट विनियोजन भएकोमा उक्त बजेट कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित वडा कार्यालय तथा सरोकारवालाहरुको सर्वपक्षीय भेलाबाट उक्त सिंहवाहिनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति एवं अर्जुनधारा नगरपालिका वडा नं १ स्थित श्री खुदुनाबारी अर्जुनधारा खानेपानी उपभोक्ता समितिका उपभोक्ताहरु तथा योजना एकै भएकाले उक्त बजेटबाट खुदुनाबारी अर्जुनधारा खानेपानी उपभोक्ता समिति मार्फत यथाशिघ्र निर्माण कार्य अघि बढाईदिन सम्बन्धित निकायमा सिफारिस गरिदिन भनी अनुरोध भएको विषय छलफल तथा निर्णयार्थ पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा अनुरोध भए बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं ५ पशुपंक्षी वास बगैचा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत मानव हात्ती द्वन्द्व न्यूनिकरण गर्ने उद्देश्यले पशुपंक्षी वास बगैचा कार्यक्रमका लागि रु १० लाख विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि यस नगरपालिकाका मानव हात्ती द्वन्द्व न्यूनिकरण सम्बन्धि कामका फोकल पर्सन श्री ढुण्डीराज गिरीबाट प्राप्त प्रस्ताव उपर छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको कार्यक्रम स्वीकृत गरी उक्त कार्यक्रम सञ्चालन गर्नका लागि फोकल पर्सनलाई जिम्मेवारी तोक्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं ६ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५" अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र लिन तोकिए बमोजिमको कागजात संलग्न राखी इजाजतपत्र पाउनका लागि देहाय बमोजिमका निर्माण व्यवसायीहरुको निवेदन दिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्राविधिक शाखाबाट कार्यविधिमा तोकिए बमोजिमको मापदण्ड पुरा गरेको भनी सिफारिस सहित इजाजतपत्र जारी गर्नका लागि कार्यविधिको दफा ३ बमोजिम नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ बैठकमा पेश भएको ।

| सि.नं. | फर्मको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | अल्टिमेट डिजाइन स्टुडियो एण्ड विल्डर्स प्रा.लि. | अर्जुनधारा-६ | विपिन रेग्मी |

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथी छलफल हुँदा अर्जुनधारा नगरपालिकाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५** बमोजिम तोकिएको मापदण्ड पुरा भई प्राविधिक सिफारिस प्राप्त भएका माथिको प्रस्तावमा उल्लेखित फर्महरुलाई प्रचलित कानून बमोजिम तोकिए बमोजिमको कार्य गर्न घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।